कलैया उपमहानगरपालिकाद्वारा प्रकाशित

# कलैया राजपत्र

खण्ड ८ संख्या: ४ मिति: २०८३।०३।१०

भाग — २

## कलैया उपमहानगरपालिका

बारा, मधेश प्रदेश, नेपाल

### कृषि सामग्री/यान्त्रिकरण अनुदान तथा सहायता वितरण सम्बन्धि कार्यविधि, २०८३

**प्रस्तावना:**

कृषिमा यान्त्रीकीकरण र आधुनिकीकरण गरी कृषि उत्पादनलाई प्रवर्धन र आवश्यक कृषि सामग्रीहरु तथा औजारहरुमा कृषकहरुलाई उपलब्ध गराईने अनुदान तथा कृषि सँग सम्बन्धित सहायतालाई थप व्यवस्थित वस्तुनिष्ठ पारदर्शी र प्रभावकारी बनाउन वाञ्छनीय भएकोले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ (२) ले दिएको अधिकार प्रयोग गरी यो कार्यविधि जारी गरिएको छ।

*1 नगर कार्यपालिकामा प्रस्तुत मिति:२०८३।०३।०६ नगर कार्यपालिकाबाट स्वीकृत मिति:२०८३।०३।०६*

## परिच्छेद- १

## प्रारम्भिक

**१. संक्षिप्त नाम र प्रारम्भ:** (१) यस कार्यविधिको नाम " कृषि सामग्री/यान्त्रिकरण अनुदान तथा सहायता वितरण सम्बन्धि कार्यविधि, २०८३" रहेको छ।

(२) यो कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरे पश्चात राजपत्रमा प्रकाशित भएको मितिबाट लागू हुनेछ।

**२. परिभाषा:** विषय वा प्रसङ्गले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

क. "कार्यविधि" भन्नाले कृषि सामग्री/यान्त्रिकरण अनुदान तथा सहायता वितरण सम्बन्धि कार्यविधि, २०८३ लाई सम्झनु पर्छ।

ख. "उप महानगरपालिका" भन्नाले "कलैया उप महानगरपालिका, बारा" लाई सम्झनु पर्छ।

ग. "वडा कार्यालय" भन्नाले कलैया उपमहानगरपालिका अन्तर्गत पर्ने सम्पूर्ण वडाहरु सम्झनु पर्छ।

घ. " कृषि सामग्री/यन्त्र" भन्नाले कृषि पेशालाई व्यवसायिकिकरण तथा आधुनिकीकरण गर्ने कार्यका लागि आवश्यक पर्ने कृषि औजार र सामग्री भन्ने सम्झनु पर्छ।

ङ. "अनुदान" भन्नाले सूचीकृत आपूर्तिकर्ताबाट खरिद गरिएका कृषि सामग्री, यन्त्र, औजार, उपकरण तथा अन्य यान्त्रिक मेशिनरी सामग्रीहरु खरिद मूल्यमा तोकिए बमोजिम उपलब्ध गराईने सहयोग रकम सम्बन्धित लाभग्राहीको बैंक खातामा उपलब्ध गराइने रकम भन्ने सम्झनु पर्छ।

च. "लाभग्राही" भन्नाले यो कार्यविधि बमोजिम छनौट भएका अनुदान प्राप्त गर्ने कृषक, कृषक समूह, कृषि सहकारी, फर्म तथा उपभोक्तालाई सम्झनु पर्छ।

छ. "कृषक समूह" भन्नाले यस उप महानगरपालिका वा अन्य सरकारी निकायमा कानुन बमोजिम दर्ता भएको कृषक समूह सम्झनु पर्छ।

ज. "कृषि सहकारी" भन्नाले यस उप महानगरपालिका वा अन्य सरकारी निकायमा कानुन बमोजिम दर्ता भएको कृषि सहकारी सम्झनु पर्छ।

झ. कृषि उद्यमी, कृषि कम्पनी तथा कृषि फर्म भन्नाले उद्योग तथा पर्यटन कार्यालय वा आन्तरिक राजश्व कार्यालय वा कम्पनी रजिष्टारको कार्यालय वा यस उप महानगरपालिकामा दर्ता भएका उद्यमी, कम्पनी वा फर्म भन्ने सम्झनु पर्छ।

ञ. "कृषिजन्य सामग्री" भन्नाले उप महानगरपालिकाको कृषि विकास तथा पशु सेवा शाखाको कार्यक्रमबाट वितरण गरिने कृषिजन्य सामग्री भन्ने सम्झनु पर्छ।

*2 नगर कार्यपालिकामा प्रस्तुत मिति:२०८३।०३।०६ नगर कार्यपालिकाबाट स्वीकृत मिति:२०८३।०३।०६*

परिच्छेद-२

कार्यक्रम सञ्चालन तथा व्यवस्थापन

**३. कार्यक्रम सञ्चालन:** (१) उप महानगरपालिकामाको स्वीकृत वार्षिक कार्यक्रम अनुसार लागत साझेदारी वा कार्यक्रममा तोकिएको निश्चित रकम अनुदानमा कृषि समाग्री, यन्त्र, औजार, उपकरण तथा अन्य यान्त्रिक मेशिनरी सामग्री वितरण तपसिल बमोजिमका विधिबाट कार्यान्वयन गरिनेछ।

(क) माग सङ्कलन

(ख)आपूर्तिकर्ताको छनौट

(ग) लाभग्राही स्वयंबाट खरिद तथा अनुदानका लागि निवेदन प्राप्ति

(घ) अनुदान वितरण

(२) कार्यक्रममा सहभागी हुन इच्छुक सम्भाव्य लाभग्राहीले निम्न कागजात सहित नगर स्तरीय कार्यक्रमको हकमा उप महानगरपालिका र वडा स्तरीय कार्यक्रमको हकमा वडा कार्यालयले आह्वान गरेको ७ देखि १५ दिनको अवधि सहितको सूचनामा तोकिए अनुसार हुने गरी अनुसूची १ बमोजिमको कागजात सहित यस नगर स्तरीय कार्यक्रमको हकमा कृषि विकास शाखामा निवेदन पेश गर्नुपर्नेछ र वडा स्तरीय कार्यक्रमको हकमा सम्बन्धित वडा कार्यालयमा निवेदन पेश गर्नुपर्नेछ। साथै यो कार्यविधि स्वीकृत हुनु अघि संकलन भएको माग संकलनलाई यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

**४.कार्यक्रम कार्यान्वयन समिति:** (१) कार्यक्रम सञ्चालनका लागि तोकिए बमोजिमको कृषि सामग्रीमा अनुदान कार्यक्रमलाई प्रभावकारी ढङ्गबाट सञ्चालन गर्नको लागि तपसिल बमोजिमको एक अनुगमन तथा मूल्यांकन समिति रहनेछः

**नगर स्तरीय कार्यक्रम कार्यान्वयन समिति:**

- नगर प्रमुख – संयोजक
- नगर उप प्रमुख – सदस्य
- प्रमुख प्रशासकीय अधिकृत- सदस्य
- आर्थिक विकास समितिको संयोजक-सदस्य
- जिन्सी शाखा प्रमुख वा प्रतिनिधि-सदस्य
- आर्थिक प्रशासन शाखा प्रमुख वा प्रतिनिधि-सदस्य
- योजना शाखा प्रमुख वा प्रतिनिधि- सदस्य

- प्राविधिक शाखा प्रमुख वा प्रतिनिधि- सदस्य
- कृषि शाखाको प्रमुख वा प्रतिनिधि- सदस्य सचिव

**वडा स्तरीय कार्यक्रम कार्यान्वयन समिति: -**

- वडा अध्यक्ष – संयोजक
- वडा समितिको सदस्यहरु ४ जना – सदस्य
- वडा सचिव - सदस्य सचिव

(२) समितिको बैठकमा आवश्यकता अनुसार अनुदानमा वितरण गरिने कृषि सामग्रीसँग सम्बन्धित प्राविधिक कर्मचारीलाई आमन्त्रण गर्न सकिनेछ।

(३) कार्यक्रम कार्यान्वयन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछः

क. उप महानगरपालिकाको स्वीकृत कार्यक्रम अनुसार अनुदानमा वितरण गरिने कृषि समाग्री, यान्त्रिक औजारको सम्बन्धित प्राविधिकबाट निर्माण भई आएको प्राविधिक स्पेशिफिकेशन (Technical Specification) तथा लागत अनुमान स्वीकृत गर्ने,(यदि उप महानगरपालिकामा कृषि समाग्री,यान्त्रिक औजारसँग सम्बन्धित प्राविधिक नभएको खण्डमा उप महानगरपालिकाले अन्य सम्बन्धित कार्यालय वा नेपाल सरकारको मान्यता प्राप्त संस्थाबाट इजाजत प्राप्त व्यक्ति वा संघसंस्थालाई प्राविधिक स्पेशिफिकेशन (Technical Specification) तथा लागत अनुमान बनाउन लगाई स्वीकृत गर्न सक्नेछ।)

ख. उपदफा (क) बमोजिमको प्राविधिक स्पेशिफिकेशन र लागत अनुमान बमोजिमको कृषि समाग्री, यान्त्र खरिद गर्नको लागि छनौट भएका लाभग्राहीहरुलाई जानकारी गराउने,

ग. छनौट भएका लाभग्राही कृषकलाई प्रदान गरिने अनुदान रकम एकिन गरी सिफारिस गर्ने।

(घ) छनौट भएका लाभग्राहीहरुले उपदफा (क) बमोजिम कृषि समाग्री, यान्त्रिक औजार खरिद गरे वा नगरेको अनुगमन तथा मूल्यांकन गरी वडा कार्यालयको सिफारिस पत्र सहित भुक्तानीको लागि सिफारिस गर्ने,

## परिच्छेद-३

## अनुदान रकम निर्धारण र भुक्तानी प्रक्रिया

**५. अनुदान रकम निर्धारण र भुक्तानी प्रक्रिया:** (१) कृषि समाग्री यान्त्रिकरण वापतको रकम भुक्तानीको अनुसूची ३ बमोजिमको निवेदनसँगै अनुसूची १ मा उल्लेख गरेको कागजातका साथै तपसिल बमोजिमका कागजातहरु लाभग्राहीले संलग्न राखी पेश गर्नुपर्नेछ।

क. वडा कार्यालयको सिफारिस पत्र,

ग. लाभग्राहीले कृषि यान्त्रिक सामग्री खरिद गरेको बिल भरपाई,

घ. उप महानगरपालिमाबाट अनुदानमा वितरण गरिएको कृषि समाग्री, यान्त्रिक औजार समेत देखिने गरी कृषक सहित खिचिएको फोटो।

(२) छनौट लाभग्राहीले दफा ४ को उपदफा २ (क) बमोजिम तोकिएको प्राविधिक स्पेशिफिकेशन (Technical Specification) भएको सामग्री खरिद गर्नुपर्नेछ अन्यथा उप महानगरपालिका अनुदान वापतको रकम भुक्तानी दिन बाध्य हुनेछैन।

(३) अनुदान वापतको रकम स्वीकृत स्पेशिफिकेशन सहितको सामग्रीको प्रचलित बजार मूल्य अनुसारको अनुमानित मूल्यलाई आधार मानी सो भन्दा बढी नहुने गरी निर्धारण गर्नु पर्नेछ। निर्धारित मूल्य भन्दा बढी हुने गरी खरिद बिल पेश गरेको भएता पनि स्वीकृत मूल्यको आधारमा कायम हुने रकम मात्र अनुदानको रुपमा भुक्तानी दिईनेछ।

(४) छनौट लाभग्राही कृषकलाई उपदफा(३) बमोजिम निर्धारित मूल्यको तोकिएको बमोजिम रकम अनुदान दिन सकिने छ।

## परिच्छेद-४

## लाभग्राही छनौट सम्बन्धी व्यवस्था

६. लाभग्राही छनौटका आधारहरुः (१) कृषि समाग्री, यन्त्र, औजार, उपकरण लगायतका कृषिजन्य उपकरणका सामग्रीहरु माग गरेका आवेदकहरु मध्येबाट लाभग्राही छनौटका आधारहरु तपसिल बमोजिम हुनेछः

(क) पछिल्लो २ वर्षमा यस कार्यक्रम बमोजिम लाभग्राही कायम नभएको,

(ख) निवेदक वा निवेदकको परिवारको नाममा यस उप महानगरपालिका भित्र कृषि योग्य जमिन भएको।

## परिच्छेद-५

## लाभग्राहीको शर्त सम्बन्धी व्यवस्था

७. लाभग्राहीले शर्तको पालना गर्नुपर्नेः (१) यस कार्यविधि बमोजिमका लाभग्राहीले तपसिल बमोजिमको शर्तहरु पालना गर्नुपर्नेछः

(क उप महानगरपालिकाबाट अनुदान प्राप्त गरी खरिद गरिएको सामग्री बिक्री वितरण गर्न पाइनेछैन।

(ख) लाभग्राहीले निवेदन पेश गर्दा आफ्नो स्वामित्वमा रहेको कृषि भुमिको भुमि कर तिरेको हुनु पर्नेछ।

(ग) अनुदान प्राप्त सामग्रीको दुरुपयोग भएको पाइएमा कानुन बमोजिम कारबाही हुनेछ।

(घ) लाभग्राही छनौट गर्दा कृषि पेशामा संलग्न विपन दलित पिछिडिएको समूहलाई प्राथमिकता दिनु पर्ने छ।

परिच्छेद-६

विविध

**८. बाधा अड्काउ फुकाउने अधिकारः** यस कार्यविधिमा कुनै द्विविधा उत्पन्न भएमा सो को व्याख्या गर्ने वा बाधा अड्काउ फुकाउने अधिकार उप महानगरपालिकामा निहित रहनेछ।

**९. बचाउः** यो कार्यविधि जारी हुनुपूर्व भएका यसैसँग सम्बन्धित कार्यक्रमका कामहरु यसै कार्यविधि बमोजिम भएको मानिनेछ।

**१०. संसोधन वा खारेजीः** उप महानगरपालिकाले आवश्यकता बमोजिम यस कार्यविधिलाई संसोधन वा खारेजी गर्न सक्नेछ ।साथै प्रचलित नेपाल कानूनसँग बाझिएकोमा त्यसरी बाझिएको हदसम्म अमान्य हुनेछ।

आज्ञाले

**रेशम लाल कँडेल**
**प्रमुख प्रशासकिय अधिकृत**

 *नगर कार्यपालिकामा प्रस्तुत मितिः२०८३।०३।०६* *नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८३।०३।०६*

## अनुसूची १

## आवेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु

**क. कृषकको लागि**

१. नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

२. जग्गाधनी लालपुर्जाको प्रतिलिपी ।

३. कृषि भुमिको भुमि कर तिरेको रसिदको प्रतिलिपी ।

**ख. कृषक समूह तथा उपभोक्ताको लागि**

१. कृषक समुह दर्ताको प्रमाणपत्रको प्रतिलिपी,

२. समुहको निर्णयको प्रतिलिपी,

३. सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र,

४. यदि समुहको कुनै सदस्यले एकल रुपमा लिन चाहेमा समुहको निर्णय सहितको सिफारिस पत्र पेश गर्नुपर्ने,

५. मेशिनरी औजार संचालन तथा मर्मत सम्बन्धि तालिम लिएको भएमा सो प्रमाणपत्रको प्रतिलिपी,

६. जग्गाधनी लालपुर्जाको प्रतिलिपी ।

७. कृषि भुमिको भुमि कर तिरेको रसिदको प्रतिलिपी ।

**ग. कृषि सहकारी संस्था/ निजि फर्म/ कृषि उद्यमी उपभोक्ताको लागि**

१. संस्था दर्ता प्रमाणपत्रको प्रतिलिपी,

२. संस्था नविकरणको प्रमाणको प्रतिलिपी,

३. संस्थाको पान प्रमाणपत्रको प्रतिलिपी,

४. सम्बन्धित वडा कार्यलयको सिफारिस पत्र,

५. गत आ.व. को कर चुक्ता प्रमाणपत्रको प्रतिलिपी,

६. संस्थाको आफ्नो नाममा जग्गा नभई करारमा लिएको भए सम्झौताको (कम्तीमा पांच वर्ष) प्रमाणहरु सहित पेश गर्नुपर्ने,

७. जग्गाधनी लालपुर्जाको प्रतिलिपी ।

८. कृषि भुमिको भुमि कर तिरेको रसिदको प्रतिलिपी ।

 *नगर कार्यपालिकामा प्रस्तुत मितिः२०८३/०३/०६*    *नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८३/०३/०६*

## अनुसूची-२

अनुदानमा कृषि समाग्री, यन्त्र उपकरण प्राप्त गर्न चाहने कृषक/उपभोक्ताले नगर स्तरीय कार्यक्रमको हकमा कलैया उप महानगरपालिकाको कृषि विकास शाखामा र वडा स्तरीय कार्यक्रमको हकमा वडा कार्यालयमा पेश गर्ने निवेदनको ढाँचा

मिति:

श्री कार्यालय प्रमुख ज्यू,

कलैया उप महानगरपालिकाको, कलैया, बारा।

विषयः कृषि समाग्री/ यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउँ।

मलाई/हामीलाई खाद्यान्न बाली, तरकारी र फलफूल उत्पादन कार्यमा उपयोग गर्नका लागि कृषि समाग्री/यन्त्रीकरण अनुदान कार्यक्रम कार्यान्वयन कार्यविधि २०८३" अनुसार को मिति................ सूचनाको आधारमा मा कृषि विकास शाखाबाट प्रकाशित कृषि यन्त्र उपकरण अनुदानमा उपलब्ध गराई पाउनका लागि अनुसूची १ बमोजिमको कागजातहरु संलग्न गरी यो निवेदन पेश गर्दछु / छौं।

संलग्न कागजातहरु

१.

२.

३

४.

निवेदक

नाम:............................................

दस्तखत:...........................................

ठेगाना...........................................

सम्पर्क नं...........................................

संस्थाको नाम:...................................

संस्थाको छाप:...................................

 नगर कार्यपालिकामा प्रस्तुत मिति:२०८३।०३।०६ नगर कार्यपालिकाबाट स्वीकृत मिति:२०८३।०३।०६

## अनुसूची - ३

## अनुदान रकम भुक्तानी आवेदन फारमको ढाँचा

(उपभोक्ता प्रयोजनको लागि)

श्री कार्यालय प्रमुख ज्यू,

कलैया उप महानगरपालिकाको, कलैया, बारा।

विषयः अनुदान रकम भुक्तानी गराई पाउँ।

कलैया उप महानगरपालिकाको वडा नं.............बस्ने म श्री........................................ छनौट भई माग गरे बमोजिम र समझौता बमोजिम कृषि समाग्री/ यन्त्र उपकरण खरिद गरि कार्य सम्पन गरिसकेको हुनाले खरिद/बिक्री मूल्य रु ...................... पर्नेको अनुदान स्वरुपको रु...................., अक्षरुपी ..................................तपसिल बकोजिमको बैंक खाता विवरणमा भुक्तानी गरि दिन हुन अनुरोद छ।

तपसिल

बैंकको नाम..................................................

खातावालाको नाम..........................................

खाता नंम्बर....................................................

संलग्न कागजातहरु

१.

२.

३

निवेदक

नामः..................................................

दस्तखतः..............................................

सम्पर्क नं..........................................

संस्थाको नामः.......................................

संस्थाको छापः.......................................

९ नगर कार्यपालिकामा प्रस्तुत मितिः२०८३।०३।०६ नगर कार्यपालिकाबाट स्वीकृत मितिः२०८३।०३।०६